# धितोपत्र बजार सुधार सम्बन्धी कार्ययोजना

| क्र.सं. | कार्यक्रम | कार्यान्वयन अवधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेप्सेको पुनर्संरचना गर्ने । सर्वसाधारण तथा सुशासनयुक्त स्वदेशी वित्तीय संस्थालाई नेप्सेको सेयर जारी गर्ने, पुँजी, प्रविधि र व्यवस्थापकीय क्षमता सहितको विदेशी स्टक एक्सचेन्जलाई रणनीतिक साझेदारका रुपमा भित्र्याउने । | तत्काल | अर्थ मन्त्रालय | | नेप्सेले मन्त्रालयमा पेश गरेको कार्ययोजना स्वीकृत गर्ने । |
| २ | बुक बिल्डिङको विकल्पमा अन्डरराइटरमार्फत सोझै सूचीकरण (Direct Listing) को समेत व्यवस्था गर्ने । | तीन महिनाभित्र | सेबोन | अर्थ मन्त्रालय | धितोपत्र दर्ता तथा निष्कासन नियमावली संशोधन गर्ने । |
| ३ | अन्तर्दिवसीय कारोबार (day trading), धितोपत्रको सापटी लिनेदिने (security lending and borrowing) सञ्चालनमा ल्याउन आवश्यक नीतिगत व्यवस्था गर्ने तथा अक्सन मार्केट ( auction market)लाई क्रियाशील बनाउने । | प्रक्रिया आरम्भ गर्ने | सेबोन, नेप्से सिडिएससी, ब्रोकर | अर्थ मन्त्रालय | आवश्यक कानुनी प्रबन्ध गरी कार्यान्वयनमा लैजानुपर्ने । |
| ४ | क्लियरिङ कम्पनी (Central Counterparty, CCP) स्थापना तथा सञ्चालन गर्ने । | प्रक्रिया आरम्भ गर्ने | सेबोन, नेप्से सिडिएससी, ब्रोकर | अर्थ मन्त्रालय | नियमावली संशोधन गर्नुपर्ने । |
| ५ | निजी क्षेत्रको समेतको सहभागितामा ओटीसी बजारलाई थप क्रियाशील बनाउन नयाँ कम्पनी स्थापना गर्ने । | प्रक्रिया आरम्भ गर्ने | नेप्से सिडिएससी, ब्रोकर | सेबोन | |
| ६ | स्टक एक्सचेन्जमार्फत Financial Derivatives (Stock तथा index मा आधारित option तथा future को कारोबार गर्ने । | प्रक्रिया आरम्भ गर्ने | सेबोन, नेप्से सिडिएससी, ब्रोकर | अर्थ मन्त्रालय | आवश्यक कानुनी प्रबन्ध गर्ने । |
| ७ | वार्षिक ५० करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने, राज्यको स्वामित्वमा रहेको प्राकृतिक स्रोतको उपयोग गर्ने, सरकारी अनुदान तथा कर छुटको उपयोग गर्ने कम्पनीलाई अनिवार्य सेयर जारी गर्न लगाउने । | तत्काल | अर्थ मन्त्रालय | | बजेट मार्फत सम्बोधन गर्नुपर्ने |
| ८ | प्रदेश सरकार र महानगरलाई ऋणपत्र जारी गर्न प्रोत्साहित गर्ने । | एक वर्ष | प्रदेश सरकार र महानगरहरु | सेबोन, अर्थ मन्त्रालय | |
| ९ | दोस्रो बजारमा सरकारी ऋणपत्रको कारोबार गर्ने/गराउने । | तत्काल | सेबोन, नेप्से सिडिएससी, ब्रोकर | अर्थ मन्त्रालय | आवश्यक कानुनी प्रबन्ध गरी कार्यान्वयनमा लैजानुपर्ने । |
| १० | पावर बन्ड जारी गर्न प्रोत्साहित गर्ने । | तत्काल | अर्थ मन्त्रालय | | बजेट मार्फत |

| क.सं. | कार्यक्रम | कार्यान्वयन अवधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | सम्बोधन गर्नुपर्ने |
| ११ | पुँजी बजार सम्बद्ध सबै निकायले सूचना प्रविधिको अधिकतम उपयोग गर्ने गरी प्राविधिक तथा मानव शक्तिको क्षमता विकास गर्ने । | तत्काल | सेबोन, नेप्से सिडिएससी, ब्रोकर | | |
| १२ | पुँजी बजार शिक्षण संस्था (capital market academy) स्थापना तथा सञ्चालन गर्ने । एकेडेमी मार्फत registration and certificationprogramसमेत सञ्चालन गर्ने । | तत्काल | सेबोन, नेप्से सिडिएससी, ब्रोकर | अर्थ मन्त्रालय | |
| १३ | वित्तीय साक्षरता बढाउन मल्टिमिडियाको उपयोग गर्ने । | तत्काल | सेबोन, नेप्से सिडिएससी, ब्रोकर | | |
| १४ | सूचीकृत धितोपत्रहरुको कारोबारमा लाग्ने पुँजीगत लाभकरलाई निम्नानुसार विभाजन गर्ने :<br>अल्पअवधि (होल्डिंग पिरियड एक वर्षभन्दा कम): पुँजीगत लाभको ५ प्रतिशत<br>मध्यमअवधि (होल्डिंग पिरियड १ देखि ३ वर्षसम्म): पुँजीगत लाभको ३ प्रतिशत<br>दीर्घ अवधि (होल्डिंग पिरियड ३ देखि ५ वर्षसम्म): पुँजीगत लाभको १ प्रतिशत<br>पाँच वर्षभन्दा बढीको होल्डिंगमा पुँजीगत लाभ कर नलाग्ने । | तत्काल | अर्थ मन्त्रालय | | बजेट मार्फत सम्बोधन गर्नुपर्ने |
| १५ | गाभ्ने र गाभिने प्रक्रियामा गएका सूचीकृत कम्पनीहरुलाई पुँजीगत लाभ कर छुट सम्बन्धी दुविधालाई सम्बोधन गर्ने । | तत्काल | अर्थ मन्त्रालय | | बजेट मार्फत सम्बोधन गर्नुपर्ने |